# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४

फ्याक्स नं. ५२०६००

इमेल:info@pokharamun.gov.np

वेभसाईट: pokharamun.gov.np


पत्र संख्या: ०८०/८१

च.नं.

मिति २०८०/४/७

प्रमुख प्रशासकीय अधिकृत

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि संशोधित सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/४/७)

पोखरा महानगरपालिका नगरकार्यपालिकाको निर्णयानुसार कार्यक्रमको लागि देहाय बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले पोखरा महानगरपालिकाको वेबसाईट www.pokharamun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित पोखरा महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्नु पर्नेछ ।

| क्र.सं. | सूचना नं. | पद | कार्यक्रम | माग संख्या | दरखास्त दस्तुर | दरखास्त दिने अन्तिम म्याद |
|---|---|---|---|---|---|---|
| १. | ०१/०८०/८१ | वन तथा वातावरण अधिकृत (अधिकृत सातौं तह) | | १ | १०००/- | २०८०/४/२१ गते |
| २. | ०२/०८०/८१ | खाद्य अनुसन्धान अधिकृत Food Inspector ( अधिकृत छैटौं तह) | | १ | १०००/- | २०८०/४/२१ गते |
| ३ | ०३/०८०/८१ | पशु विकास अधिकृत, अधिकृत छैटौं तह | शशर्त कार्यक्रम | १ | १०००/- | २०८०/४/२१ गते |

**१. न्युनतम शैक्षिक योग्यता -** (क) **वन तथा वातावरण अधिकृतको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान / वातावरण विज्ञानमा स्नातक उत्तीर्ण ।

(ख) **खाद्य अनुसन्धान अधिकृतको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा खाद्य विज्ञान/खाद्य ईन्जिनियरीङ्ग विषयमा स्नातक उर्तीण वा साधारण विज्ञान विषयमा स्नातक तह उर्तीण गरि खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य ईन्जिनियरीङ्ग/खाद्य सुरक्षा/खाद्य बायोटेक्नोलजी/खाद्य माइक्रो बायोलोजी/खाद्य टेक्नोलोजी/खाद्य वायो केमेस्ट्रि/मानब पोषण विषयहरु मध्ये कुनै एकमा कम्तिमा २ (दुई) वर्ष अवधिको स्नातकोत्तर उर्तीण ।

(ग) **पशु विकास अधिकृतको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट वि भि एस्सी एण्ड ए एच वा वि भी एस्सी वा डि भि एम वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको ।

**२. परिक्षाको किसिम** : (क) लिखित र अन्तर्वार्ता ।

३. सम्पर्क मिति : २०८०/४/२१ गते कार्यालय समय भित्र । (सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

**४. लिखित परीक्षा मिति :-** सम्पर्क मितिमा प्रकाशन हुनेछ ।

**५.**दरखास्त दस्तुर पोखरा महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. **३०२०१००३०१०१०००२** मा जम्मा भएको भौचर, दरखास्त फारमका साथ संलग्न राख्नु पर्नेछ ।

**६. उम्मेदवारको उमेरको हद :-** २०८०/४/२१ गते सम्म २१ वर्ष पूरा भई ३५ बर्ष ननाघेको ।

७. **आवश्यक कागजात :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :**

(क) नागरिकताको प्रमाणित प्रतिलिपि (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (ग) अनुभवको प्रमाण पत्र

(घ) पासपोर्ट साईजको फोटो १ प्रति

८. रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । त्यस्तो दरखास्त जुन सुकै समयमा पनि रद्द गरिने छ ।